# सूचनाको स्वत: प्रकाशन

(२०७९ माघ देखि २०७९ चैत्र सम्म)

**बैशाख, २०८०**

बागमती प्रदेश सरकार

**पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय**

हेटौंडा, मकवानपुर

२०८०, बैशाख

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको

प्रकाशक: पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सरकार

फोन नं. ०५७-५९०२४४

वेबसाइट:mocat.bagamati.gov.np

इमेल: mocatbagamati@gmail.com

प्रकाशन:२०८०, बैशाख

# विषय सूचि


१. मन्त्रालयको स्वरुप र प्रकृति ..... १

२. मन्त्रालयको काम, कर्तव्य र अधिकार ..... ३

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण ..... ५

४. मन्त्रालयबाट प्रदान गरिने सेवा ..... ६

५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी ..... ६

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ..... ७

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी ..... ७

क.प्रकृया ..... ७

ख.निर्णय गर्ने अधिकारी ..... ७

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ..... ७

९. सम्पादन गरेका कामको विवरण ..... ७

१०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद ..... ८

११. ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची ..... ८

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण ..... ८

१३. मन्त्रालयको वेभसाइट ..... ८

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको मिति २०७९ साल माघ १० गते गठन भई कार्यारम्भ गरेको छ। यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, साहसिक लगायत सबै हिसाबले नेपालको अग्रणी पर्यटन क्षेत्र हो। विदेशी पर्यटकका लागि नेपालको प्रवेशद्वारको रूपमा रहेको यो प्रदेश नेपाली कला, संस्कृतिको परिचायक पनि हो। नेपालको पर्यटनको मुख्य लाभ यस प्रदेश र खास गरेर काठमाण्डौ उपत्यकालाई हुन्छ भने सन् २०२० सम्ममा वार्षिक २० लाख पर्यटक भित्र्याउने नेपालले राखेको लक्ष्य हासिल गर्न सबभन्दा बढी योगदान पनि यसै प्रदेशले गर्नुपर्ने हुन्छ। प्रदेश सरकारको कार्यक्षेत्रमा प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड, योजना, नियमन, पर्यटन व्यवसायको व्यवस्थापन, प्रादेशिक पर्यटनको प्रवर्द्धन र पर्यटकीय वस्तु र पूर्वाधारको पहिचान, विकास र प्रवर्द्धन आदि सम्बद्ध विषयहरू पर्दछन्।

उद्योग क्षेत्र रोजगारी र आर्थिक विकासको प्रमुख आधार हो। कृषिबाट उद्योग र सेवा क्षेत्रमा बेरोजगार वा अर्ध बेरोजगार श्रमिकको स्थानान्तरणले मात्र वस्तु र सेवाको उत्पादन, मूल्य अभिवृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनका साथै गरिबी न्यूनीकरणमा टेवा पुग्दछ। प्रदेशको कार्य क्षेत्रमा ठूला तथा मझौला उद्योगहरूको प्रवर्द्धन र नियमन औद्योगिक व्यवसाय प्रवर्द्धन र नियमन, औद्योगिक भौतिक पूर्वाधार विकास उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग तथा प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तारका साथै उद्यमशीलताको विकास पर्दछ।

प्रदेशले आवश्यकता अनुसार वाणिज्य क्षेत्रमा नीति, ऐन, नियमहरूको निर्माणः वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कायान्वयन र नियमन, प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण, प्रदेशभित्रको व्यापार पूवार्धार निर्माण र सञ्चालन व्यापारसम्बन्धी सिन्डिकेट / कार्टेलिङ नियन्त्रणः प्रतिस्पर्धासम्बन्धी नीति तथा कानुन, मापदण्डको कायान्वयन र नियमन; व्यापारिक फर्महरूको दर्ता/नवीकरण, खारेजी र नियमन; प्रदेशगत सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार तथा नियमन; प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्न सक्ने व्यवस्था संविधानले गरेको छ। स्थानीय बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवम् उपभोक्ता हित संरक्षणमा स्थानीय तहलाई प्रदेश सरकारले समन्वय तथा सहजीकरण गर्न सक्दछ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने व्यवस्था संविधानमा छ। संविधानले उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गर्न, तीव्र र दिगो आर्थिक विकास गर्न, न्यायोचित वितरण गर्न आर्थिक असमानताको अन्त्य गर्न र समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न सहकारीको भूमिकालाई स्पष्ट पारेको छ। त्यसैगरी, दिगो विकास लक्ष हासिल गर्न सहकारी संस्थाहरूसँग सहकार्य आवश्यक छ ।प्रदेशको कार्यक्षेत्रभित्र सहकारी

संस्थासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन र प्रवर्द्धन, प्रादेशिक वित्तीय सहकारी संस्थासम्बन्धी अनुमति, सञ्चालन, मापदण्ड र नियमन, सहकारी संस्थाहरूसँग समन्वय र सहकार्य, प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि र परिचालन आदि पर्दछन् ।

यस मन्त्रालय अन्तर्गत देहायका कार्यालयहरु रहेका छन्।

| **सि.नं.** | **कार्यालयको नाम** | **कार्यालयको फोन नं.** |
|---|---|---|
| १. | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,बागमती प्रदेश | ०५७-५२००१४ |
| २. | उपत्यका पर्यटन कार्यालय, सानो हात्तिवन, ललितपुर | ०१-५९१२५४७ |
| ३. | सहकारी प्रशिक्षालय, चितवन | ०५६-५२१५५६ |
| ४. | पर्यटन विकास आयोजना, हेटौडा, मकवानपुर | ०५७-५२०२८६ |
| ५. | पर्यटन ईकाइ कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ | ०१-४११५८१८ |
| ६. | घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौं | ०१-४२६१४५० |
| ७. | घरेलु तथा साना उद्योग कार्यालय, ललितपुर | ०१-५५२३४५२ |
| ८. | घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर | ०५७-५२७३३६ |
| ९. | घरेलु तथा साना उद्योग कार्यालय, चितवन | ०५६-५९४११६ |
| १०. | घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुर | ०१-५०९२५८४ |
| ११. | घरेलु तथा साना उद्योग कार्यालय, नुवाकोट | ०१०-५६०००४ |
| १२. | घरेलु तथा साना उद्योग कार्यालय, धादिङ | ०१०-५२०१७७ |
| १३. | घरेलु तथा साना उद्योग कार्यालय, रसुवा | ०१०-५४०१०४ |
| १४. | घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोक | ०११-६२०१२९ |
| १५. | घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोक | ०११-४९०१५४ |
| १६. | घरेलु तथा साना उद्योग कार्यालय, रामेछाप | ०४८-५४००३६ |
| १७. | घरेलु तथा साना उद्योग कार्यालय, दोलखा | ०४९-४२११२६ |
| १८. | घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली | ०४७-५२०१२४ |

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई तोकिएका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन

२. पर्यटक प्रहरी समन्वय

३. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण र नियमन

४. संघीय कानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन

५. भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

६. ऐतिहासिक,धार्मिक, सांस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवसस्थापन

७. प्रादेशिकस्तरमा संग्रहालय स्थापना, सञ्चालन तथा व्यवस्थापन

८. प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, गढी, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण

९. धर्म, परम्परा र गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन

१०. संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन।

११. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण

१२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन

१३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन

१४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता

१५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन

१६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय

१७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी

१८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

१९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन

२०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार

२१. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन

२२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

२४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

२५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन

२६. उपभोक्ता अदालत गठन र सञ्चालन

२७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय

२८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन

२९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

३०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन

३१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

३२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन

३३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन

३४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

३५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन

३६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग

३७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन

३८. टाट पल्टेको र दामासाही सम्बन्धि

३९. सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान

४०. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन

४१. सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य


४२. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन

४३. प्रदेश भित्रका सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको सचिवमा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको सहसचिव रहने व्यवस्था रहेको छ। मन्त्रालयको संगठन संरचना तपसिल बमोजिम रहेको छ।

### पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय हेटौंडा, नेपालको संगठन संरचना



## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

यस मन्त्रालयबाट प्रदान गरिने मुख्य सेवाहरु देहायमा उल्लेख गरिए बमोजिम रहेका छन्

- पर्यटन, उद्योग तथा सहकारी क्षेत्रको समग्र विकासका लागि चाहिने कानून, नीति, ऐन, नियम, नियमावली, कार्यविधि, मापडण्ड बनाउने,
- मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट योजना छनौट गरी बार्षिक योजना तर्जुमा गर्ने,
- प्रदेश भित्र ट्राभल, ट्राभल, ट्रेकिङ्ग, पर्यटक यातायतसेवा, जलयात्रा, पर्यटक स्तरीय होटल, होमस्टे र पथ प्रदर्शकको इजाजत जारी, नविकरण, खारेजी लगायतका पर्यटन सेवाको नियमन तथा व्यवस्थापन गर्ने,
- आवश्यकता अनुसार व्यवसायीहरुको कार्यालयहरुको स्थलगत निरीक्षण गर्ने सहजीकरण गर्ने,
- संघ तथा स्थानीय निकायहरुका पर्यटन सम्बन्धी कार्यमा समन्वय र सहकार्य गर्ने,
- प्रदेश भित्र पर्यटकीय पूरवाधारहरुको विकास गर्ने,
- प्रदेशको नियमन क्षेत्रभित्रका सहकारी संघ संस्थाहरुका सम्बन्धमा परेका उजुरीका सम्बन्धमा परेका उजुरी, निवेदन, गुनासाहरु उपर कार्यालय मार्फत छानविन एवम् कारवाही गर्ने,
- प्रदेश भित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन।
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण नियमन।
- सहकारीको आधिकारिकता सम्बन्धमा आवश्यकता देखिएमा अनुगमनबाट भेरिफिकेसन गरी पुष्टी गरिराख्ने
- वातावरणीय अध्ययन प्रतिवेदनहरुको कार्यसूची तथा प्रतिवेदन अध्ययन गरी सुझाव प्रदान गर्न अवस्यक्ता अनुसार विषय विज्ञहरुको रोस्टर खडा गरी समिती गठन गर्ने ।
- पर्यटन तथा उद्योग क्षेत्रको प्रदूषण नियन्त्रण गर्नका लागि आवश्यक मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन तथा कारवाही सिफारिस लगायतका कार्यहरु गर्ने।
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, बजार अनुगमन, समन्वय, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन

## ५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी देहायको तालिकामा उल्लेख भए बमोजिम रहेको छ ।

| सि.नं. | सचिवालय/महाशाखा | शाखा | जिम्मेवार अधिकारी | सम्पर्क |
|---|---|---|---|---|
| १. | प्रदेश सचिव | सचिवालय | श्री लक्ष्मी हुमागाई | ९८४५१०५७९७ |
| २. | प्रशासन, योजना तथा अनुगमन महाशाखा | कर्मचारी प्रशासन शाखा | किशोर सापकोटा | ९८५५०८७९५० |
| | | आर्थिक प्रशासन शाखा | विनोद श्रेष्ठ | ९८६८७३२३६४ |

| | | | | |
|---|---|---|---|---|
| | | कानून तथा फैसला कार्यान्वयन शाखा | मनोज कुमार गुप्ता | |
| | | वातावरण शाखा | संघर्ष सझम मिश्र | ९८५५०७१८५५ |
| | | बजेट योजना तथा अनुगमन शाखा | किशोर सापकोटा | ९८५५०८७९५० |
| ३. | पर्यटन, संस्कृति तथा पूर्वाधार महाशाखा | पर्यटन तथा पूर्वाधार शाखा | श्री उत्तम चापागाई | ९८५१०९२५४७ |
| | | संकृति, पर्यापर्यटन तथा वातावरण शाखा | श्री उत्तम चापागाई | ९८५१०९२५४७ |
| ४. | उद्योग तथा वाणिज्य महाशाखा | उद्योग शाखा | अमृत कुमार श्रेष्ठ | ९८४५२८८३७२ |
| | | उपभोक्ता हित वाणिज्य तथा आपूर्ति शखा | अमृत कुमार श्रेष्ठ | ९८४५२८८३७२ |
| ५. | सहकारी महाशाखा | संस्था संगठन तथा उजुरी शाखा | रोहित पोखरेल | ९८५११०००६२ |
| | | सहकारी अनुगमन शाखा | रोहित पोखरेल | ९८५११०००६२ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

मन्त्रालयबाट प्रदान गरीने सेवामा कुनै दस्तुर नलाग्ने। नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा दश पेजसम्मको सूचना नि:शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु. ५ दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी वढीमा १५ दिन सम्मको अवधी लाग्ने ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

**क. प्रकृया**

- मन्त्रालयमा सूचना मागको लागी प्राप्त निवेदन मन्त्रालयका सचिवज्यूको तोक आदेश सहित दर्ता हुने।
- पत्र दर्ता भएको मितिले १५ दिन भित्र मागीएका सूचना उपलब्ध गराउने ।
- १५ दिन भित्र तोकिएको शाखाबाट सूचना उपलब्ध नभएमा उजुरी सून्ने अधिकारी समक्ष उजुरी दिने ।

**ख. निर्णय गर्ने अधिकारी**

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार मन्त्रालयका सचिव ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री गोविन्द प्रसाद रिजाल

## ९. सम्पादन गरेका कामको विवरण

मन्त्रालयले हाल सम्म गरेका कामको विवरण देहाय बमोजिम रहेको छ ।

१. चौमासीक समिक्षा गोष्ठी
२. योजना तर्जुमा गोष्ठी

३. मातहतका कार्यालयहरुको अनुगमन निरीक्षण
४. विभिन्न आयोजनाहरुको स्थलगत निरीक्षण
५. अन्तर प्रदेश औद्योगिक भ्रमण
६. IEE स्वीकृत गरिएको
७. सहकारी दिवस
८. औद्योगिक मेला महोत्सवमा सहभागी
९. उद्योगग्रामको DPR अध्ययन गरिएको

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद

यस मन्त्रालयको प्रमुख श्री गोविन्द प्रसाद रिजाल, प्रवक्ता श्री उत्तम चापागाई र सूचना अधिकारी अधिकृत सातौ श्री अमृत कुमार श्रेष्ठ हुनुहुन्छ।

## ११.ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची

क. संक्षिप्त संगठन तथा सर्वेक्षण

## १२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

| ब.उ.शि.नं | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ३२५००१०२३ | रु १,९१,६०,०००।- | रु ३३,१२,७५३ | १७.२८ प्रतिशत |
| ३२५०००११४ | रु ६८,८०,०००।- | रु २०,४७,८७३ | २९.७६ प्रतिशत |
| ३२५०००११३ | रु १३,३४,९१,९८६ | रु २,६४,६१,२१९।५ | १९.८२ प्रतिशत |

## १३.मन्त्रालयको वेवसाइट

यस मन्त्रालयको वेवसाइट http://mocat.bagamati.gov.np रहेको छ। उक्त वेवसाइटमा मन्त्रालयको परिचय, मन्त्रालयका कर्मचारीहरु, संगठन संरचना, मन्त्रालय मातहतका कार्यालयहरु, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेश विज्ञप्ति तथा मन्त्रालयका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । मन्त्रालय समयसान्दर्भिक विश्व सूचना संचार जगत जस्तै फेसबुक पेजमा जोडिएको छ यस मन्त्रालयको फेसवुक पेज http://facebook.com/mocatbagamati मार्फत मन्त्रालयका प्रेश विज्ञप्ति, विभिन्न कृयाकलापहरु आदी सूचना संप्रेषण गर्ने व्यवस्था गरीएकको छ।